हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी
जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : १०८ पृष्ठ : ४ २०७७ कार्तिक २८ गते शुक्रबार (Friday 13 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## नक्कली पैसा छाप्ने बिमलेन्द्रसहित ३ पक्राउ, ६ लाख ८४ हजार नक्कली रुपैयाँ बरामद





**लहान** । प्रहरी गोलबजार नगरपालिका ६ बाट तीन जनालाई नक्कली नोटसहित बिहिबार दिउँसो पक्राउ गरेका छन् । उनीहरूको साथबाट ६ लाख ८४ हजार रूपैयाँ बरामद भएको छ । सबै रूपैयाँ हजारी नोट छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सुचना अधिकारी तथा डिएसपी शालिग्राम शर्माका अनुसार पक्राउ पर्नेमा कल्याणपुर नगरपालिका ७ भेडियाका २५ वर्षीय बिमलेन्द्र नायक, गोलबजार नगरपालिका १२ बेतौनाका २५ वर्षीय धिरज राय र सोही ठाउँका २० वर्षीय सँजय राय रहेका छन् ।

गोलबजार सशस्त्र प्रहरीको सुचनाको आधारमा नेपाल प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू बिरेन्द्र महतोको घरमा डेरा गरी बस्दै आएका थिए ।

प्रहरीले उनीहरूको साथबाट पैसा छाप्न प्रयोग गरेका ल्यापटप र प्रिन्टर पनि बरामद गरेका छन् । उनीहरूलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सिरहामा लागुऔषधसहित दुई पक्राउ



**लहान** । प्रहरीले गोलबजारबाट दुई जनालाई लागुऔषधसहित पक्राउ गरेका छन् । पक्राउ पर्नेमा धनगढीमाई नगरपालिका ६ का २६ वर्षीय रामेश्वर यादव र सोही ठाउँका ४० वर्षीय दुखी यादव रहेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सुचना अधिकारी तथा डिएसपी शालिग्राम शर्माका अनुसार उनीहरूलाई इलाका प्रहरी कार्यालय गोलबजारको प्रहरी टोली चेकजाँचको क्रममा पक्राउ गरेका छन् ।

प्रहरी टोलीले चेकजाँच गर्दा स७प७३२८ नम्बरको मोटरसाइकलमा सवार यादवद्वयसँग लागुऔषध डाइलेक्स डिसी १०० एमएलको ५० बोतल र नाइट्राभेट ट्याब्लेट ६०० पीस फेला परेको प्रहरीले जनाएको छ । उनीहरूलाई इप्रका गोलबजारमा राखी थप अनुसन्धान भइरहेको सुचना अधिकारी शर्माले बताए ।












## विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व

२०७७ को पावन अवसरमा सम्पूर्ण नगर तथा वडाबासी, इष्टमित्र एवम् समस्त देशबासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना।

*कोरोना भाइरसबाट बच्न सचेत बनौं।*
*भौतिक दूरी कायम गरौं।*
*सरसफाइमा ध्यान दिऔं।*

**तेज नारायण चौधरी**
वडा अध्यक्ष
लहान नगरपालिका-१५

## विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व

२०७७ को पावन अवसरमा सम्पूर्ण नगर तथा वडाबासी, इष्टमित्र एवम् समस्त देशबासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना।

*कोरोना भाइरसबाट बच्न सचेत बनौं।*
*भौतिक दूरी कायम गरौं।*
*सरसफाइमा ध्यान दिऔं।*

**कन्हैया प्रसाद गुप्ता**
वडा अध्यक्ष
लहान नगरपालिका-२३

## विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व

२०७७ को पावन अवसरमा सम्पूर्ण नगर तथा वडाबासी, इष्टमित्र एवम् समस्त देशबासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना।

*कोरोना भाइरसबाट बच्न सचेत बनौं।*
*भौतिक दूरी कायम गरौं।*
*सरसफाइमा ध्यान दिऔं।*

**कमलदेव यादव**
वडा अध्यक्ष
लहान नगरपालिका-२४

# स्थानीय तहमा विद्यमान समस्याहरु

## पालिका बहस

### जगदिश पराजुली



मुलुकमा संघीय शासन प्रणालीको अभ्यास सुरू भएको अवस्थामा स्थानीय सरोकारका धैरै अधिकारहरू स्थानीय तहमा हस्तान्तरण भएका छन्। नेपालको वर्तमान संविधानको धारा ५७ ले सरकारका तीनवटै तहमा राज्यशक्तिको वाँडफाँडको विषय उल्लेख गरेको छ।

संविधानको अनुसूची ८ मा स्थानीय तहका एकल अधिकार क्षेत्रहरू सूचिकृत भएका छन्। उक्त क्षेत्रहरूका विषयमा स्थानीय तहले कानून निर्माण गरी लागू गर्न सक्दछन्। त्यसैगरी संविधानको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारका क्षेत्रहरू सूचिकृत छन्। यी विषयहरूमा संघ, प्रदेश र स्थानीय तहले आपसी समन्वयमा स्रोत र दायित्वको वाँडफाँड गर्दछन्।

**स्थानीय तहको अधिकार क्षेत्ररकार्यक्षेत्रलाई संक्षेपमा उल्लेख गर्दै अगाडी बढौं।**

- स्थानीय कार्यपालिका र व्यवस्थापिका
- स्थानीय न्यायिक समिति
- स्थानीय नीति योजना कार्यक्रम परियोजना तथा बजेट तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित विषय
- फोहोर मैला व्यवस्थापन वातावरण संरक्षण र स्थानीय विपद व्यवस्थापन
- सहकारी संस्था तथा रेडियो एफ एम सन्चालन
- स्थानीय राजश्वका श्रोतको व्यवस्थापन तथा परिचालन
- आवश्यक सरकारी सेवा समूह गठन तथा व्यवस्थापन
- माध्यमिक तहसम्मको शिक्षा
- स्थानीय स्तरका पूर्वाधार एवं अन्य विकास निर्माण
- भाषा संस्कृति तथा ललितकलाको संरक्षण

विश्वका संघीय शासन प्रणाली अभ्यास गर्ने अधिकांश मुलूकहरुमा स्थानीय तहहरूलाई कानून बनाइ लागू गर्ने स्वायत्ततासहितका बृहत अधिकार दिइएको पाइँदैन। भारतको संविधानको ७३ औं र ७४ औं संशोधनले राज्यले बनाइदिएका सिमित कानूनहरू मात्र स्थानीय तहले लागू गर्न पाउने व्यवस्था गरेको छ। संयुक्त राज्य अमेरिकामा पनि स्थानीय तहलाई प्रत्यक्ष अधिकार दिइएको छैन। यस मानेमा नेपालमा अभ्यास भएको संघीय शासन प्रणाली बढी भन्दा बढी नागरिक मैत्री एवं सघन विकेन्द्रीकरण अभ्यास गर्ने दिशा तर्फ उन्मुख छ भन्न सकिन्छ। नेपालको संविधानमा स्थानीय तहलाई के कस्ता अधिकार र स्वायत्तता हस्तान्तरण गरिएको छ ? भन्ने विषयमा चर्चा गरिसकेपछि, स्थानीय तहहरू नेपालमा संघीय शासन प्रणालीको सफल कार्यान्वयनको पृष्ठभूमि तयार गर्ने अंग हुन् भन्दा फरक नपर्ला।

मूलतः नेपालमा संघीयताको जग बलियो बनाउने आधार स्थानीय तहहरूबाट सञ्चाालन हुने शासन, विकास र सेवा प्रवाह सम्बन्धी क्रियाकलाप नै हुन्। स्थानीय तहको अकर्मण्यताले नेपालको संघीय शासन प्रणालीलाई सफल गन्तब्यमा पुऱ्याउँन सक्दैन।

कतिपय स्थानीय तहहरूमा संविधानको मर्म एवं जनअपेक्षा बमोजिम शासन सन्चालन भएको छ भने कतिपय स्थानीय तहहरू अकर्मण्य भएर बसेको अवस्था पनि विद्यमान छ। कतिपय स्थानीय तहमा भइरहेका सकारात्मक तथा रचनात्मक कामहरूको सम्मान गर्दै सामान्यतया स्थानीय तहमा देखिएका समस्या तथा कारणहरूलाई उजागर गर्ने प्रयास गरिएको छ।

संघीयताका सबै आयामहरूको समानान्तर एवं कुशल अभ्यास नहुनु :- संघीयताका मूख्यतः राजनीतिक, प्रशासनिक तथा वित्तीय गरी तीन वटा आयामहरू हुन्छन्। नेपालमा संविधान जारी भएर सबै तहको निर्वाचनसँगै राजनीतिक संघीयताको अभ्यास सुरू भयो। समानान्तर रूपमा प्रशासनिक र वित्तीय संघीयताको अभ्यास पनि सुरू हुनु पर्थ्यो। संघीय सरकारले पोल्टामा हालिदिएको सिमित पैसाले १९ वर्षदेखि जनप्रतिनिधिबिहिन भइ खुम्चिएर बसेका आम नागरिकका विकासका आकांक्षालाई सम्बोधन गर्न कठिन भयो।

स्रोत अभावमा करको दायरा बढाउने नाममा कतिपय स्थानीय तहहरू आलोचनाको सिकार पनि भए। कर विशेषज्ञताको अभावमा धैरै जसो स्थानीय तहहरू आज पनि स्थानीय स्रोत पहिचान गरी कराधारलाई बलियो बनाउनबाट चुकीरहेका छन्। तसर्थ कतिपय स्थानीय तहको वित्तीय संघीयता उपल्ला तहबाट प्राप्त अनुदान रकममा सिमित छ। स्रोतमा आत्मनिर्भर हुनेरबनाउने गरी कुनै रणनीतिक योजनाहरू पनि बनाइएका छैनन्।

प्रशासनिक संघीयताको अभ्यासका लागि २०७४ सालमा ल्याइएको ऐन खारेज गरी कर्मचारी समायोजन अध्यादेश, २०७५ लागू गरी मौजुदा निजामती एवं अन्य सरकारी सेवाका कर्मचारीलाई तीनवटा तहमा समायोजन गरियो। उक्त समायोजन निर्विवाद एवं निष्पक्ष हुन सकेन। यस जटिल विषयलाई मन्त्रालयको तत्कालीन नेतृत्वले सतहीरूपमा लिनाले न त आवश्यकमा आधारित भई दरबन्दी वितरण हुन सक्यो न त कर्मचारीको मनोबल नै जिवित राख्न सक्यो। परिणामतः विभिन्न जटिलता सिर्जना भएका छन्।

यसबाट स्थानीय तहहरूले संस्थागत हुने सुरूवाती चरणबाटै जनशक्ति अभाव झेल्नु पर्यो। जसले गर्दा समग्र कार्य सम्पादनमा निकै ठूलो असर पर्यो। शीघ्र नतिजाका पक्षपाती जननिर्वाचित प्रतिनिधिहरूको द्रुत कार्य शैलीमा भविष्यप्रभावी नकारात्मक असर पुग्यो।

अनुत्प्रेरित समायोजित कर्मचारीको कमजोर मनोबल :- कुनै पनि तहका सेवा, सर्त र सुविधा सम्बन्धि कानून नबनीकनै कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तह रोज्न लगाइयो। हालसम्म पनि संघ, प्रदेश र स्थानीय तहका कुनै पनि सेवा, सर्त र सुविधा सम्बन्धी कानूनहरू बनेका छैनन्। संघीय निजामती सेवा विधेयक संघीय संसदमा विचाराधीन छ। उक्त ऐन पारित नभएसम्म प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन निर्माणको बाटो बन्द रहन्छ। सेवा शर्तको अनिश्चितता तथा वृत्ति विकासको अस्पष्ट मार्गका कारण प्रदेश र स्थानीय तहलाई प्राथमिकतामा रोजेर एकदमै थोरै मात्र कर्मचारी स्वेच्छिक समायोजनमा सहभागी भए। बाँकी सबै कनिष्ट कर्मचारीहरू जवर्जस्ती धकेलेर तल पठाइए।

निजामती सेवाको सेवा, सर्त, सुविधा र वृत्ति विकासका अवसर हेरेर सेवा प्रवेश गरेका कर्मचारीहरू कुनै कानुनको दायरा भित्र नसमेटिएको सेवामा पठाइँदा र निजामती सेवाको परिभाषा भित्र नअटाइँदा आफूलाई राज्यले दोस्रो दर्जाका कर्मचारीको व्यवहार गरेको महशुस गर्न बाध्य भए। यसरी जबरजस्ती समायोजन गरिएका अनुत्प्रेरित र कमजोर मनोबल भएका कर्मचारीबाट कति र कस्तो कार्यसम्पादनको आशा गर्ने ? उर्जाशील कर्मचारीको लुटिएको उर्जा तथा कार्यसम्पादनमा आएको ह्रासको मूल्य राज्यले अन्यायमा परेका कर्मचारीहरूको त्यो क्याडर अवकास नहुँदासम्म पनि चुकाइ राख्नु पर्ने अवस्था छ।

अनुभवी जनशक्तिको अभाव :- हाल सबैजसो स्थानीय तहमा दुई प्रकारका जनशक्तिरकर्मचारी कार्यरत छन्।

**१. स्थायी कर्मचारी** - समायोजन भएका अधिकांश कर्मचारीहरू पछिल्लो ब्याचका कनिष्ट कर्मचारीहरू छन्। जोसँग न्यून कार्यसम्पादन अनुभव छ। नयाँ संरचना संस्थागत गर्नु पर्ने ठाउँमा अनुभवी कर्मचारीहरू उपयोग गरिनुपर्नेमा उल्टो अभ्यासले गर्दा नयाँ कर्मचारीहरू काम गर्न भन्दा काम सिक्न बढी समय खर्चन बाध्य छन्। स्थानीय तहकै लागि लोक सेवा आयोगबाट सिफारिस गरिएका कर्मचारीहरू पनि कोरा एवम् सिकाइकै फेजमा छन्। आवश्यक तालिम र सीप विकासका अवसरहरू दिइएको छैन र कार्यालय भित्र पनि काम सिकाउने तथा नवप्रवेशीलाई सामाजिकीकरण गराउने अनुभवी कर्मचारीहरू नहुँदा छिटो सिक्ने क्षमता भएका कर्मचारीहरू पनि अकर्मण्य भएर बस्न बाध्य छन्। यसबाट स्थानीय तहको कार्यसम्पादनमा अनुभवी कर्मचारीको आवश्यकता खड्किएको छ।

**२. स्थानीय तहले स्वयं करार नियुक्ति गरेका कर्मचारीहरू** - स्थानीय तहमा यस्तो प्रकृतिको जनशक्ति ठूलो संख्यामा मौजुद छन्। र अत्यावश्यक कार्य सम्पादनका लागि स्थायी कर्मचारीहरू पदपूर्ती नहुन्जेलसम्म आवश्यक पनि छन्। यसलाई स्वीकृत दरबन्दी संरचना भित्र सिमित गर्नु भने नितान्त आवश्यक छ। यसरी करार भइ कामकाज गरिरहेका प्राविधिक तथा गैरप्राविधिक कर्मचारीहरू पनि अधिकांश कोरा एवं कामको अनुभव नभएका नै छन्।

**प्रशासन र राजनीतिको अन्तरसम्बन्ध** :- राजनीति र प्रशासन शासन प्रणालीका उपप्रणाली हुन्। राजनीति राज्यशक्तिको अभ्यास गर्ने संस्था, संरचना, पद, नाम तथा तिनीहरूको कार्य एवम् भूमिका हो। यो सार्वजनिक प्रशासनको अन्तिम उत्तरदायी गैरवेतन

*बाँकी ४ पेजमा*

## आजको राशिफल

**मेष** :- आज शुभ समाचार सुन्न पाइएला। कला र गलाको प्रभाव बढ्नेछ। मनमा हर्ष,उमङ्ग र उत्साह छाउला। वैदेशिक कार्यपनि अघि बढ्नेछ।

**वृष** :- आज श्रमदान गर्ने अवसर मिल्नेछ। अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। शुभकार्यको चर्चा चल्नेछ। प्रेममा सफलता प्राप्त हुनेछ।

**मिथुन**:- आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ। सवारी साधनको खरिद बिक्री हुने योग छ। लगनशीलताले कामहरु अगाडी बढ्नेछन्।

**कर्कट** :- आकस्मिक धनलाभ हुनेछ। महिला वर्गबाट सहयोग मिल्नेछ। कूटनीतिक नियोगको सहयोग मिल्ला। पारिवारिक सद्भावपनि बढ्नेछ।

**सिंह**:- आज रमणीय र सुखद् यात्राको योग छ। मनमा हर्ष,उमङ्ग र उत्साह रहला। अग्रजहरूको सुझाव अनुसार अवसर पहिल्याउन सकिनेछ।

**कन्या** :- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन्। कला र गलाको प्रभाव बढ्नेछ। विशिष्ट व्यक्तिबाट हौसला प्राप्त हुनेछ। रोमाञ्चक यात्रापनि होला।

**तुला**:- आज स्वस्थ्य सम्बन्धी चिन्ता बढ्नेछ। सौन्दर्यतामा धन खर्च हुनेछ, तर पहेँलो रंगको पहिरनले चुनौतीबाट मुक्त हुन सहयोग पुऱ्याउनेछ।

**वृश्चिक** :- आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ। शुभकार्यको चर्चा चल्नेछ। प्रेमीको सहयोग प्राप्त हुनेछ। परिवारमा सुख सन्तोष छाउनेछ।

**धनु** :- अरूलाई प्रभावित पारेर काम बन्नेछ। वाक्चतुर्याईंले संकल्प सिद्ध हुनेछ। आयआर्जनका क्षेत्रमा सुधार आउनेछ। पुनर्मिलनको योग रहेको छ।

**मकर** :- घरमा अतिथीको आगमन हुनेछ। बोलीको भरमा कार्य सम्पादन हुनेछ। आफन्तको प्रगतिमा मन रमाउनेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ।

**कुम्भ**:- मनमा दुविधा उत्पन्न हुनेछ। आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला, तर अरूको मुख नहेरी सही निर्णय लिन सके अवसरहरु प्राप्त होला।

**मिन** :- न्यायिक कार्यमा सफलता मिल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला। आफन्तको प्रगतिमा मन रमाउनेछ। वस्त्र एवं अलंकार प्राप्ति हुनेछ।

# कानुनी सचेतना कार्यक्रम सम्पन्न



■ दुर्गा परियार

जिल्ला सरकारी वकिल कार्यालय सिरहा, नवराजपुर गाउँपालिका, इलाका प्रहरी कार्यालय महेशपुर पतारीको आयोजना र इन्सेक, ओरेक, मुक्ति नेपाल र समग्रजनउत्थान केन्द्रको सहकार्यमा बुधबार महिला हिंसा तथा बोक्सीको आरोप समबन्धी कानुनी सचेतना कार्यक्रम समपन्न भएको छ ।

बढ्दो महिला हिंसा र बोक्सीको आरोपमा महिलाहरूमाथि भैरहेको दुर्व्यवहार कम गर्न कानुनी ज्ञान प्रदान गर्न इन्सेक लगायत अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूको सहकार्यमा जिल्ला सरकारी वकिलको कार्यालयले नवराजपुर गाउँपालिकामा कार्यक्रम संचालन गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि नवराजपुर गाउँपालिकाको उपाध्यक्ष शोभा यादवले आफनै गाउँपालिकामा बोक्सीको आरोपमा भएको अमानवीय घटनाले देश सामुनै गाउपालिका बदनाम भएको बताइन । अब उपरान्त यस्ता अमानवीय घटना दोहरी नदिने प्रतिबद्धता जनाउँदै उपाध्यक्ष यादवले संस्थाहरूको सहकार्यमा सबै वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताइन ।

त्यसैगरी मानवअधिकारकर्मी सुनिल कुमार साहले घना बस्ती भएको गाउँको बीचमा एउटा महिला माथि सबैको रोहबरमा घटना हुनु निन्दनीय भएकोले सम्पूर्ण मानवजगत नै कंलकित भएको औंल्याए । यस्तो गल्ती नदोहरीनको लागि यूवाहरू अगाडी आउनु पर्ने र समाजलाई कंलकित हुनबाट जोगाउनु पर्ने जिम्मा यूवाको रहेको अधिकारकर्मी साहले बताए । कार्यक्रममा जिल्ला सरकारी वकिल एकराज अधिकारीले महिला माथी हुने हिंसाका घटनामा हुने सजाय तथा बोक्सीको आरोपमा नेपालमा भएका कानुनी प्रकृयाबारे जानकारी गराएका थिए । अपराधीहरूलाई समाजले संरक्षण गर्दा दिनदिनै यस्ता घटनाहरू बढने भएकोले अपराधीलाई संरक्षण नगरी दिन उनले आग्रह गरे ।

कार्यक्रममा मानवअधिकारकर्मीहरू, महिला अधिकारकर्मी, शिक्षक, जनप्रतिनिधि लगायत स्थानीयको उपस्थिती थियो ।

नवराजपुर गाउँपालिका–५ मा भदौ २७ गते कथित बोक्सीको आरोपमा ४१ वर्षीया मुर्तिदेवी यादवलाई स्थानीयहरूले बोक्सीको आरोप लगाइ कुटपिट गर्नुका साथै अभक्ष खुवाएकोले सचेतनाको लागि सोही ठाउमा कार्यक्रम संचालन गरिएको ओरेकको देवकुमारी महराले बताइन ।


विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व

२०७७ को पावन अवसरमा सम्पूर्ण नगर तथा वडाबासी, इष्टमित्र एवम् समस्त देशबासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना ।

*कोरोना भाइरसबाट बच्न सचेत बनौं ।*
*भौतिक दूरी कायम गरौं ।*
*सरसफाइमा ध्यान दिऔं ।*

**महेश श्रेष्ठ**
वडा अध्यक्ष
लहान नगरपालिका-१४

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व

२०७७ को पावन अवसरमा सम्पूर्ण नगर तथा वडाबासी, इष्टमित्र एवम् समस्त देशबासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना ।

*कोरोना भाइरसबाट बच्न सचेत बनौं ।*
*भौतिक दूरी कायम गरौं ।*
*सरसफाइमा ध्यान दिऔं ।*

**बद्री नारायण चौधरी**
वडा अध्यक्ष
लहान नगरपालिका-१२

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व

२०७७ को पावन अवसरमा सम्पूर्ण नगर तथा वडाबासी, इष्टमित्र एवम् समस्त देशबासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना ।

*कोरोना भाइरसबाट बच्न सचेत बनौं ।*
*भौतिक दूरी कायम गरौं ।*
*सरसफाइमा ध्यान दिऔं ।*

**फागु चौधरी**
वडा अध्यक्ष
लहान नगरपालिका-१

विजया दशमी तथा शुभ-दीपावली एवम् छठ पर्व

२०७७ को पावन अवसरमा सम्पूर्ण नगर तथा वडाबासी, इष्टमित्र एवम् समस्त देशबासीमा सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना ।

*कोरोना भाइरसबाट बच्न सचेत बनौं ।*
*भौतिक दूरी कायम गरौं ।*
*सरसफाइमा ध्यान दिऔं ।*

**अरूण केसी**
वडा अध्यक्ष
लहान नगरपालिका-६

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा


धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# प्रकाश स्वीट हाउस नयाँ स्वरुपका साथ सञ्चालनमा





■ **फिरोज शेख**

लहान नगरपालिका वडा नं ६ राधाकृष्ण चौक नजिक नयाँ बजारमा लहान -५ मा अवस्थित प्रकाश स्वीट हाउस नयाँ स्वरूपका साथ विहिबारबाट सञ्चालनमा आएको छ। वि .स .२०४५ साल देखि संचालनमा आएको प्रकाश स्वीट हाउस वर्तमान अवस्थालाई मध्यनजर गर्दै नयाँ स्वरूप सहित उत्कृष्ट स्वाद र नयाँ नयाँ गुणस्तरीय परिकारहरूका साथ लहानका ग्राहकहरूलाई मध्यनजर गर्दै "प्रकाश स्विट्स" (मिष्ठान भण्डार तथा डेरि उधोग) मिठाइँ पसल सञ्चालनमा ल्याएको स्वीट हाउसका संचालक विजय साहले बताए । संचालक साहको ममतामयी आमा आशा साह को हात बाट उद्घाटन गरिएको पसलमा शुद्ध शाहाकारी चिया, कफी, नास्ता, खाना तथा मिठाईका परिकारहरू पाउनु साथै साउथ इन्डियन डोसा, पनिर चील्ली, चाउमिन, मःम, छोला-भटैरा, पुरी-तरकारी, छोला-समोसा, बर्थ-डे केक, मिलन डेरीबाट उत्पादित दुध, दहि, पनिर लगायत विभिन्न परिकारहरू कतै नभएको स्वादमा खुवाउने र ग्राहकहरूलाई खुसी पार्ने मुख्य उदेश्यका साथ पुर्खौली पेशामा आधुनिकता मिश्रण गरि नयाँ स्वरूपका साथ व्यवसायिक प्रतिष्ठानमा होमिएको संचालक साहले बताए ।

## स्थानीय...

संरचना हो भने राजनीतिले बनाएका नीति एवं कानुन कार्यान्वयन गर्ने योग्यता प्रणालीबाट छनौट भएको नियामक तथा सेवा प्रदायक व्यवसायिक संरचना प्रशासन हो । यी दुईका बीच पूर्ण तथा सकारात्मक सह(सम्बन्ध हुन्छ। यी दुई एक अर्काका परिपूरक हुन्, प्रतिस्पर्धी होइनन् ।

तर धेरैजसो स्थानीय तहहरूमा यस बुझाइमा अतिवाद हावी भएको देखिन्छ । कर्मचारीहरूमा स्थायी सरकारको दम्भ, काम जाने बुझेको घमण्ड, अकर्मण्यता एवं राजनीतिलाई दोष देखाउने प्रवृत्ति व्याप्त छन्। भने सम्पूर्ण शासनको बागडोर सम्हालेको राजनीतिले आˆना कार्य एवं भूमिका बारे चिन्तन एवं अध्ययन नगरी जनताका अगाडी प्रशासनलाई दोष देखाउने, काम नगर्ने तथा गलत काम गर्ने कर्मचारीलाई नियमानुसार कारबाहीको प्रकृयामा जाने जिम्मेवारी बहन नगरी आरोप प्रत्यारोपमा उत्रने, कतिपय प्रशासनिक तहमा हुने निर्णयमा हस्तक्षेप गर्ने, नीति कानून निर्माण गर्ने विषयमा संवेदनशील नहुने जस्ता कमजोरीहरू विद्यमान छन् ।

त्यसैले प्रशासन र राजनीतिले आ-आˆना कार्यक्षेत्र नबुझ्नु, चिन्तनशील एवं अध्ययनशील नहुनु, सह सम्बन्ध तथा सह-अस्तित्वलाई स्वीकार नगर्नुले पनि स्थानीय तहको कार्यसम्पादनमा ठूलो नकारात्मक असर पुर्याएको छ ।

**बेरूजु :-**

स्थानीय तहमा बेरूजु एक भविष्यप्रभावी समस्याका रूपमा आएको छ । स्थानीय तहहरूको गठन पश्चात विभिन्न अनुदान एवं रोयल्टी र राजश्व बाँडफाँड तथा विभिन्न स्थानीय स्रोतबाट निकै ठूलो रकम स्थानीय तहमा भित्रिएको छ। सालबसाली रूपमा महालेखा परीक्षकबाट गरिने अन्तिम लेखा परीक्षणले वर्षेनी ठुलो रकम बेरूजु औल्याउँदै आएको छ भने बेरूजु फर्छ्यौटको आँकडा दयनीय छ। हालसम्मको नेपालको कुल वेरूजु रकम रू ४ खर्व १८ अर्व ३१ करोड ७३ लाख मध्ये स्थानीय तहको बेरूजु ६९ अर्व ८१ करोड ९ लाख रहेको छ । यो कूल बेरूजु अंकको १६.६८ प्रतिशत हो । आर्थिक वर्ष २०७५र०७६ को आँकडा हेर्दा, स्थानीय तहको कूल लेखापरीक्षण गरिएको रकमको ५.१५ प्रतिशत वेरूजु औंल्याइएको छ भने उक्त आ.व. को सबै निकायहरूको कुल बेरूजु रकमको २८.६६प्रतिशत स्थानीय तहको बेरूजु देखिन्छ। स्थानीय तहको बेरूजु फर्छ्योटको अवस्था भने कमजोर छ । आ.वं २०७५र०७६ को लेखापरीक्षणको क्रममा जम्मा रू ४ अर्व २७ करोड ३५ लाख मात्र बेरूजु फर्छ्योट भएको छ । यसरी स्थानीय तहमा वर्षेनी वेरूजुको दर र रकम बढ्दै जानु र फर्छ्यौटको आँकडा न्यून रहनुको पछाडी विभिन्न कारणहरू विद्यमान छन्। हेरौं-

- अनुभवी जनशक्तिको अभाव, कर्मचारी तथा जनप्रतिनिधिमा कानून अध्ययन नगर्ने प्रवृत्ति
- अबण्डा बजेट राखी खर्च गर्ने परिपाटी
- दीगोपना नभएका कार्यक्रमहरूमा बजेट विनियोजन र खर्च
- अनुत्पादक र वितरणमुखी कार्यक्रमहरू
- महालेखा परीक्षकले अन्य निकायहरूको बेरूजु सम्परीक्षण र फर्छ्यौट वर्षभरी जुनसुकै समयमा पनि गर्ने तर स्थानीय तहको सम्परीक्षण लेखापरीक्षणका समयमा मात्र गर्ने कार्यढाँचा
- छोटो लेखापरीक्षण अवधि
- लेखापरीक्षकहरूले प्रारम्भिक प्रतिवेदन उपर जनप्रतिनिधिहरू सँग छलफल नगर्ने अभ्यास
- कतिपय जनप्रतिनिधि तथा कर्मचारीहरूमा सदाचार तथा नैतिकताको कमी
- स्थानीय तहको नियमित गर्ने प्रकृतिको बेरूजु फर्छ्योट सम्बधी स्पष्ट कानुनको अभाव

हरेक स्थानीय तहले आगामी दिनमा वेरूजु नहुने गरी खर्च गर्ने तथा औल्याइएको वेरूजुलाई संपरीक्षण एवं फर्छ्योट गराउने कामलाई प्राथमिकतामा राख्नु अपरिहार्य भएको छ।

**राजनीतिक असमझदारी तथा द्वन्द्व :-** राजनीति भित्र विद्यमान एक अर्का प्रतिको व्यक्तिगत तथा समूहगत असन्तुष्टि कार्यसम्पादनको ठूलो बाधकको रूपमा रहन्छ । राजनीतिकर्मीहरू बीचको स्वार्थको द्वन्दले समग्र सार्वजनिक प्रशासन तथा शासन प्रणालीलाई सिथिल बनाइदिन्छ । शासन गर्ने तथा प्रतिपक्षमा रहने राजनीतिकर्मी तथा राजनीतिक दलको कमजोर राजनीतिक सुझबुझ, अदुरदृष्टि एवं जुँगाको लडाइले गर्दा विकासका थुप्रै अवसरहरू स्वार्थको बन्दी हुन पुगेका छन् । यस्तो परिस्थिति थुप्रै स्थानीय तहमा देखिएका छन् । यसै दलदलले गर्दा संस्थागत तथा संरचनागत हिसावले आदिम अवस्थामा रहेका कतिपय स्थानीय तहहरू संघीयताको मर्म अनुकुल काम गर्न असमर्थ भएका छन् ।

**महत्वाकांक्षी तथा घाटा बजेट बनाउने अभ्यास :-**

यो समस्या मुख्यत नयाँ तथा आन्तरिक श्रोतको स्थिति कमजोर भएका स्थानीय तहहरूमा व्याप्त रहेको छ। कतिपय स्थानीय तह यस्ता छन जहाँ राजनीतिक संघीयता त आएको छ तर आन्तरिक राजस्वको अवस्था कमजोर रहेकाले वित्तीय संघीयता संघीय सरकारको अनुदानमा मात्र सिमिति छ । नागरिकको आकांक्षा पूरा गर्ने ध्येयमा स्रोत विनाको घाटा बजेट बनाई भविष्यलाई दायित्व हस्तान्तरण गर्नु भोलि निकै जटिल सावित हुन सक्छ । अर्जेन्टिना तथा ब्राजिलमा शक्तिशाली प्रदेशहरूले राज्य घाटामा चलाएर वित्तीय संकटमा गएपछी केन्द्र सरकारले ठूलो मूल्य चुकाइ उकास्नु परेको दृष्टान्त हाम्रा सामु छ । त्यसैले यथार्थ र वास्तविक आय अनुमानका आधारमा मात्र कार्यक्रम र आयोजनाहरू निर्धारण गर्नुपर्दछ । रकम अत्यावस्यक भएको अवस्थामा, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा आन्तरिक ऋण लिन सकिने कानूनी व्यवस्था समेत रहेकाले बरू आवश्यकता तथा क्षमता वमोजिम ऋण उठाएर भए पनि स्रोत यकीन नगरी योजना तथा कार्यक्रम तय गर्ने अभ्यासको अन्त्य गर्नु अपरिहार्य देखिन्छ ।

**नैतिकता तथा सदाचारको अभाव :-** नैतिकता भनेको ठीक र बेठीक बारे व्यक्तिको नितान्त व्यक्तिगत मत वा विश्वास हो । यो व्यक्तिगत आदर्शको विषय हो । सकारात्मक दृष्टिकोण, व्यवहार, अनुनियम तथा गतिशिलता भएको व्यक्ति नै नैतिकवान व्यक्ति हो । सार्वजनिक पद धारण गरेको मानिसमा नैतिकताको ठूलो महत्व हुन्छ । नैतिकता स्थापित परम्परा, सामाजिक एवं सांस्कृतिक मूल्य, मान्यता र संस्कार मा आधारित हुन्छ। यसलाइ नियमन तथा नियन्त्रण गर्ने कुनै कानुनी तथा प्रशासनिक नियम को व्यवस्था हुँदैन। सदाचार भनेको राम्रो आचरण हो । यो व्यक्तिको चरित्रसँग सम्वन्धित हुन्छ । सदाचार नैतिकताको सिद्धान्त र मूल्य मान्यता, व्यवसायिक मूल्य मान्यता, सामाजिक मूल्य मान्यता एवं कानूनी मूल्य मान्यताबाट निर्धारित हुन्छ ।

सदाचार तथा नैतिकताको अभावमा कार्यसम्पादनमा ह्रास आउने, नागरिक हितमा निर्णयहरू नहुने, अनियमितता तथा भ्रष्टाचार मौलाउने, अनुशासनहीनता बढेर जाने, प्रशासन राजनीति प्रति तटस्थ नरहने, काम प्रति प्रतिवद्ध नहुने तथा राजनीतिले प्रशासन माथि हस्तक्षेप गर्ने जस्ता गलत क्रियाकलापहरू विकास हुन थाल्छन् । त्यसैले हरेक सार्वजनिक पद धारण गरेको व्यक्तिले स्वयमले आफूमा नैतिकता तथा सदाचारको विकास गर्नु पर्छ भने नियमन तथा नियन्त्रणका लागि कानुनी व्यवस्था मार्फत दण्ड, जरिवाना तथा पुरस्कारको व्यवस्था पनि गर्नु पर्छ ।

हाल मौजुद कानूनहरू मध्ये निजामती सेवा ऐन, २०४९ ले १९ वटा विभिन्न गतिविधिलाई निजामती कर्मचारीले पालना गर्नु पर्ने आचरणको रूपमा उल्लेख गरेको छ भने निजामती सेवाका कर्मचारीहरूको आचरण सम्बन्धी नियमावली, २०६५ ले १५ वटा गतिविधिलाई आचरणको रूपमा उल्लेख गरेको छ । स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको आचरण तथा उल्लङ्घनमा हुने कारवाहीका विषयमा कुनै कानूनी व्यवस्था छैन । स्थानीय सार्वजनिक प्रशासनमा संलग्न सबै जनप्रतिनिधि, न्यायिक संयन्त्र तथा कर्मचारी प्रशासनका लागि कानूनी रूपमा आचरण र उल्लङ्घनमा कारवाहीको व्यवस्था गरी लागू गर्न सके स्थानीय तहको शासन, विकास र सेवा प्रवाह थप प्रभावकारी हुने तथा आर्थिक, प्रशासनिक एवं राजनीतिक क्षेत्रमा पारदर्शिता कायम गर्न सहयोग पुग्ने देखिन्छ ।

**अन्त्यमा,**

स्थानीय तहमा प्राप्त अधिकारहरू अभूतपूर्व छन् । तर कार्यान्वयनको चुनौती अझै ठूलो छ। आजको युगमा जनशक्ति व्यवस्थापन सबै भन्दा जटिल विषय हो । हालसम्म स्थानीय तहमा जनशक्तिको विकास, उपयोग र संवर्द्धनका लागि कुनै अवसर छैनन। मनोबल उच्च वनाएर तथा उत्प्रेरित भएर काम गर्ने अवस्था छैन । स्थानीय तहको जनशक्तिले या त म स्थानीय सेवाको कर्मचीरी हुँ भनेर गर्व गर्न सक्ने अवस्था वनोस या त म निश्चित समय पछि अर्को तहमा सरूवा र बढुवा हुन्छु भनि उत्प्रेरित हुन सकोस् । अन्यथा करकाप र जिम्मेवारी टार्ने हिसाबले मात्र काम गर्दा अपेक्षा बमोजिमको प्रभावकारी सेवा प्रवाह र विकासको लक्ष्य सम्म पुग्न कठीन हुनेछ ।

लोकतन्त्र तथा संघीयताका वास्तविक अभ्यासकर्ता स्थानीय तहहरूले राज्य शक्तिको ३ वर्ष सम्म अभ्यास गरिसकेका छन् । यध्यपी हरेक स्थानीय तहका आन्तरिक समीक्षा बाहेक वृहतरूपमा सबै स्थानीय तहहरूमा राज्य शक्तिको अभ्यास एवं शासन सन्चालनका विषयमा एकीकृत अध्ययन भएको छैन । यो नितान्त आवश्यक छ । यथार्थ के हो भने, स्थानीय तहहरू राज्य शक्तिको कुशल अभ्यासमा सफल भए भने मात्र नेपालमा संघीय शासन प्रणाली सफल हुन्छ । प्रोत्साहित कर्मचारी, सदाचार र नैतिकता युक्त राजनीतिक तथा कर्मचारी संयन्त्र, अध्ययनशील राजनीतिक नेतृत्व, कानूनको अभावको परिपूरण, स्थानीय तहलाई सरकारको रूपमा माथिल्ला तहरनिकायहरूको स्वीकारोक्ति, स्वच्छ राजनीतिक संस्कार, आन्तरिक श्रोत पहिचान र परिचालनलाई प्राथमिकता जस्ता विषयहरू वर्तमान सन्दर्भमा स्थानीय तहका लागि अपरिहार्य छन् ।*प्रशासन अनलाइनबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)